# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मितिः २०८३।०७।१० गते।

## प्रेस विज्ञप्ति

**विषयः प्रतिवादी मुक्त नारायण श्रेष्ठ रहेको मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको।**

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट नेपाल प्रहरीका तत्कालीन प्रहरी सहायक निरीक्षक मुक्त नारायण श्रेष्ठउपर पदोन्नतिको लागि शैक्षिक योग्यताको झुट्टा विवरण एवम् सो सम्बन्धी झुट्टा प्रमाणपत्र पेस गरी उक्त ओहदा प्राप्त गरी लाभ र सुविधासमेत लिएकोले भ्रष्टाचार निवरण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतको मिति २०८२।१२।२५ को फैसलाबाट आरोपदाबी खारेज हुने गरी भएको फैसलाउपर चित्त नबुझी मिति २०८३।०७।१० गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदनको निवेदन दर्ता गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादी नेपाल प्रहरीका तत्कालीन प्रहरी सहायक निरीक्षक मुक्त नारायण श्रेष्ठ मु.नं (०८२-CR-०१०१) फैसला मिति २०८२/१२/२५ | झुट्टा विवरण (नक्कली शैक्षिक प्रमाणपत्र) पेश गरी भ्रष्टाचार गरेको । | **आयोगको माग दावी**<br>• प्रतिवादी मुक्त नारायण श्रेष्ठलाई भ्रष्टाचार निवरण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसूरमा सोही ऐनको दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदावी लिई आरोप पत्र दायर भएको देखिन्छ। | **फैसलाः**<br>आरोपदावी खारेज हुने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रस्तुत मुद्दा कानूनले तोकेको ५ वर्ष हदम्याद नाघी दायर गरेको देखिंदा हदम्याद नाघी दायर भएको प्रस्तुत आरोपपत्र खारेज हुने। | • जिल्ला प्रहरी कार्यालय, सुनसरी स्थित सञ्चार शाखामा कार्यरत प्रहरी सहायक निरिक्षक मुक्त नारायण श्रेष्ठले नेपाल प्रहरी सेवामा मिति २०५५/०५/०१ मा प्रहरी जवान (प्राविधिक) पदमा शुरु नियुक्ति लिई निज प्रतिवादी मिति २०६७/०२/०९ मा प्रहरी सहायक निरीक्षक पदमा पदोन्नति हुँदा केन्द्रीय माध्यमिक शिक्षा बोर्ड, दिल्ली, भारतबाट जारी भएको देखिने NAME: MUKTA NARAYAN SHRESTHA, ROLL NO. ६३४५९१३, YEAR: १९९९, ALL INDIA SENIOR SCHOOL CERTIFICATE EXAMINATION, १९९९ को MARKS STATEMENT र MIGRATION CERTIFICATE लगायतका योग्यताको प्रमाणपत्रहरु पेश प्रहरी सहायक निरीक्षक पदमा पदोन्नति भएको देखिन्छ। उक्त प्रमाणपत्रहरु प्रमाणिकरणका लागि राष्ट्रिय परीक्षा बोर्ड सानोठिमी मार्फत प्रमाणिकरणको लागि Central Board Of Secondary Education, India पठाइएकोमा उक्त बोर्डबाट निज प्रतिवादी मुक्त नारायण श्रेष्ठको माध्यमिक तहको MARKS STATEMENT (MS) र MIGRATION CERTIFICATE समेतको प्रमाणपत्रहरुको सम्बन्धमा "यह दस्तावेज इस कार्यालयद्वारा जारी नही किए गए है" भन्ने व्यहोरा उल्लेख भई आएको देखिन्छ भने यि प्रतिवादी मुक्त नारायण श्रेष्ठले अनुसन्धानको क्रममा बयान गर्दा उक्त शैक्षिक योग्यताका प्रमाणपत्रहरु आफ्नो भएको र सो प्रमाणपत्रहरु आफू स्वयंले प्रहरी सेवामा रहँदाका बखत मिति २०६५।०१।०६ मा पेश गरेको भनी खुलाए समेतबाट निजले नेपाल प्रहरी सेवाको प्रहरी सहायक निरीक्षक समेतको राष्ट्रसेवकको ओहदा एवं पदमा पदोन्नति पाउने एवं सो ओहदामा बहाल रही बढी हैसियत, लाभ, सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यताको झुट्टा विवरण एवं सो सम्बन्धी झुट्टा प्रमाणपत्र पेश गरी उक्त ओहदा प्राप्त गरी लाभ र सुविधा समेत लिई भ्रष्टाचारजन्य कसुर गरेको Fact in Issues रहेको प्रस्तुत मुद्दामा यि प्रतिवादी मुक्त नारायण श्रेष्ठ उपर विशेष अदालतमा आरोप पत्र दर्ता गर्दा नै आरोप पत्रको पेज नं. ७ (सात) को अन्तिम प्याराग्राफमा प्रस्तुत मुद्दाको हदम्यादका सम्बन्धमा "प्रस्तुत मुद्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १३ को उपदफा (२), दफा २९ को उपदफा (१) र सम्मानित सर्वोच्च अदालतबाट प्रमिला राई (श्रेष्ठ) विरुद्ध नेपाल सरकार भएको फौ.पु.इ.नं. ०६७-CF-००२९ (ने.का.प. २०६८,अंक १०, नि.नं. ८६९७) मा प्रतिपादीत नजिर सिद्धान्त बमोजिम हदम्याद भित्रै पर्दछ" भनि दावी गरिएकोमा विशेष अदालतबाट फैसला गर्दा हदम्यादको सन्दर्भमा दावी गरिएको नजिर सिद्धान्तको विवेचना नै नगरि आरोपदावी खारेज हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• आरोप पत्रमा हदम्यादका सम्बन्धमा मागदावी गरिएको प्रमिला राई श्रेष्ठ विरुद्ध नेपाल सरकार भएको (ने.का.प.२०६८, अंक १०, नि.नं.८६९७) मुद्दामा सम्मानित श्री सर्वोच्च अदालतबाट **"भ्रष्टाचार सम्बन्धी मुद्दा त्यसमा पनि नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित मुद्दामा वारदात मितिको निर्धारण गर्नु अत्यन्त महत्वपूर्ण पक्ष हो।यसमा अभियुक्तले पहिलो पटक त्यस्तो नक्कली प्रमाणपत्र पेश गरेको मितिलाई मात्र वारदात मिति मानेर सो मितिले सीमित हदम्यादको व्यवस्था लागू गर्न नमिल्ने, नक्कली प्रमाणपत्र पेश गरी त्यसबाट फाइदा वा सुविधा लिने व्यक्तिले सो फाइदा वा सुविधा लिइरहेसम्म र त्यस्तो फाइदा वा सुविधा नलिए पनि पेश गरेको सो नक्कली प्रमाणपत्रको अस्तित्व रहेसम्म नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित कसूर वारदातको निरन्तरता रही रहन्छ।त्यसकारण पनि यस्तोमा सीमित हदम्यादको कानूनी व्यवस्था प्रभावकारी हुन नसक्ने हुँदा वर्तमान भ्रष्टाचार निवारण कानूनमा हदम्यादको सीमित व्यवस्था नगरी खुल्ला हदम्याद राखिएको छ।तर, पहिलाको वारदातको सम्बन्धमा साविक ऐन अनुसार कारवाही गर्दा पनि अभियुक्तलाई** |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | **प्रत्यक्ष फाइदा पुग्ने गरी वा ऐनको उद्देश्य नै पराजीत हुने गरी कानूनी प्रावधानको व्याख्या अदालतले नगर्ने**' भनि प्रतिपादित सिद्धान्तलाई अनुसरण नगरि सोको प्रतिकूल सिमित हदम्यादको व्याख्या हुने गरी प्रतिवादी विरुद्धको आरोप मागदावी नै खारेज गर्ने ठहर गरि भएको फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>• जिल्ला प्रहरी कार्यालय, सुनसरी स्थित सञ्चार शाखामा कार्यरत प्रहरी सहायक निरिक्षक मुक्त नारायण श्रेष्ठले नेपाल प्रहरी सेवामा मिति २०५५/०५/०१ मा प्रहरी जवान (प्राविधिक) पदमा शुरु नियुक्ति लिई मिति २०६०/०४/१५ गते प्रहरी हवल्दार पदमा बढुवा भएको र निज कार्यरत रहेको बखत नै वडा प्रहरी कार्यालय लाहान सिराहाको मिति २०६५/०१/०६, च.नं.४२३ को पत्रबाट Central Board Of Secondary Education, India को प्रमाणपत्रहरु अभिलेखमा जनाईदिने भनी पत्राचार भएको देखिन्छ भने निज प्रतिवादी मिति २०६७/०२/०९ मा प्रहरी सहायक निरीक्षक पदमा पदोन्नति हुँदा केन्द्रीय माध्यमिक शिक्षा बोर्ड, दिल्ली, भारतबाट जारी भएको देखिने NAME: MUKTA NARAYAN SHRESTHA, ROLL NO. ६३४५९१३, YEAR: १९९९, ALL INDIA SENIOR SCHOOL CERTIFICATE EXAMINATION, १९९९ को MARKS STATEMENT र MIGRATION CERTIFICATE लगायतका तिनै शैक्षिक योग्यताको प्रमाणपत्रहरु पेश प्रहरी सहायक निरीक्षक पदमा पदोन्नति भएको देखिन्छ। उक्त प्रमाणपत्रहरु प्रमाणिकरणका लागि राष्ट्रिय परीक्षा बोर्ड सानोठिमी मार्फत प्रमाणिकरणको लागि Central Board Of Secondary Education, India पठाइएकोमा उक्त बोर्डबाट निज प्रतिवादी मुक्त नारायण श्रेष्ठको माध्यमिक तहको MARKS STATEMENT (MS) र MIGRATION CERTIFICATE समेतको प्रमाणपत्रहरुको सम्बन्धमा "यह दस्तावेज इस कार्यालयद्वारा जारी नही किए गए है" भन्ने व्यहोरा उल्लेख भई आएको देखिन्छ भने यि प्रतिवादी मुक्त नारायण श्रेष्ठले अनुसन्धानको क्रममा बयान गर्दा उक्त शैक्षिक योग्यताका प्रमाणपत्रहरु आफ्नो भएको र सो प्रमाणपत्रहरु आफू स्वयंले प्रहरी सेवामा रहँदाका बखत मिति २०६५।०१।०६ मा पेश गरेको भनी खुलाए समेतबाट निजले नेपाल प्रहरी सेवाको प्रहरी सहायक निरीक्षक समेतको राष्ट्रसेवकको ओहदा एवं पदमा पदोन्नति पाउने एवं सो ओहदामा बहाल रही बढी हैसियत, लाभ, सुविधा पाउने उद्देश्यले शैक्षिक योग्यताको झुट्टा विवरण एवं सो सम्बन्धी झुट्टा प्रमाणपत्र पेश गरी उक्त ओहदा प्राप्त गरेको देखिंदा आरोप पत्र दायर मिति २०८२।११।२६ सम्म प्रहरी सेवाको प्रहरी सहायक निरीक्षक पदमा कार्यरत रही नक्कली प्रमाणपत्रको आधारमा फाइदा वा सुविधा लिइरहेकोले उक्त फाइदा वा सुविधा लिई रहदा सम्म तथा त्यस्तो फाइदा वा सुविधा नलिए पनि पेश गरेको सो नक्कली प्रमाणपत्रको अस्तित्व रहेसम्म नक्कली शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित कसूर वारदातको निरन्तरता रही रहने भएकोले आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा उपरोक्त नजिर सिद्धान्त विपरित आरोपदावी नै खारेज हुने ठहर गरि विशेष अदालत काठमाडौबाट भएको उक्त फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ ।<br>• अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादी मुक्त नारायण श्रेष्ठलाई आरोप बमोजिम सजाय गर्नु पर्नेमा आरोप दावी नै खारेज हुने ठहर गरी भएको विशेष अदालतको फैसला बदर गरी निज प्रतिवादी मुक्त नारायण श्रेष्ठलाई आरोप दावी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष सादर अनुरोध छ। |